**सरुवा सम्वन्धी निर्देशिका तयार गर्नेः-** अवधारणा
**सरुवा सम्वन्धी निर्देशिका तयार गर्नेः- आयोजनाका कर्मचारीहरुको छिटो छिटो सरुवा हुने चुनौतीका सम्वन्धमा निम्न दशवटा विकास सम्वन्धी मन्त्रालयहरुमा सरुवा सम्वन्धी निर्देशिका फाल्गुण १५ गते सम्ममा तयार गरी सामान्य प्रशासन मन्त्रालय कर्मचारी प्रशासन महाशाखा र प्रशासन सुधार महाशाखामा पठाउने ।**

छलेट भएका

**विकास मन्त्रालयहरुः-**

१. कृषि तथा सहकारी मन्त्रालय
२. सिंचाई मन्त्रालय
३. उर्जा मन्त्रालय
४. शिक्षा मन्त्रालय
५. विज्ञान तथा प्रविधि मन्त्रालय
६. भौतिक योजना तथा निर्माण मन्त्रालय
७. स्थानीय विकास मन्त्रालय
८.सुचना तथा संचार मन्त्रालय
९. महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय १०. वातावरण मन्त्रालय

NPPR को वार्षिक प्रतिवेदन २०१० ले प्रमुखताका साथ उठाएको विषय आयोजनाहरुको असफलताको प्रमुख कारणहरुमध्ये आयोजनाका कर्मचारीहरुको छिटो छिटो हुने सरुवा पनि एक हो । आयेजनाका कर्मचारीहरुको अनियमित तथा छिटो छिटो सरुवाले आयोजनाको प्रभावकारी कार्यान्वयनमा नराम्रो असर पारेको उल्लेख छ । आयोजनामा संस्थागत सूचना प्रणालीको अभावमा सरुवा झन ठूलो समस्याको रुपमा रहेको छ । निश्चित अवधि सम्मको लागि आयेजनामा खटाइएका व्यवस्थापक तथा लेखाका अधिकारीहरुको सरुवा नहुने हो भने धेरै हदसम्म आयोजनालाई प्रभावकारी रुपमा सम्पन्न गर्न सहज हुन लएएच मा उल्लेख छ । तसर्थ विकास आयोजना सञ्चालन गर्ने मन्त्रालयहरुको लागि एक विशिष्ट छुट्टै प्रकारको सरुवा निर्देशका तयार गरी लागु गर्नु वान्छनीय रहेको छ । यस्तो निर्देशिका तयार गर्दा सरसर्ती देहायका विषयमा स्पष्ट व्यवस्था लागु गर्नु उपयुक्त देखिन्छ :

१. आयोजना सुरु हुनु भन्दा अगाडि नै त्यसको लागि आवश्यक उपयुक्त जनशक्तिको पहिचान गरी उपलव्ध गराउने व्यवस्था योजनावद्ध रुपमा तयारी गर्ने ।
२. आयोजनाहरुमा कुनै पनि किसिमको दरवन्दी खाली आयोजना अवधिभर नगर्ने ।
३. आयोजनाका कर्मचारीहरु विशेष गरी आयोजना प्रमुख र लेखा प्रमुखको सरुवा कम्तीमा नियमावलीमा तोकिएको समय भन्दा अगाडी कुनै यथोचित कारण विना नगर्ने ।
४. सरुवा गर्नु नै पर्ने स्थिती भएमा देहायका कारणहरु उल्लेख गरी मात्र सरुवा गर्ने ।
   सरुवा गर्नु पर्नाका कारण
   क) कर्मचारीवाट व्यक्तिगत सरुवा गर्नुपर्ने भएमा सम्वन्धित कर्मचारीको काम गर्न स्वास्थ्य तथा अन्य कारणवाट असक्षम भएको व्यहोराको पत्र प्राप्त गर्नु पर्ने ।
   ख) कर्मचारीको कार्यसम्पादन स्तर कम्तीमा ८० % भन्दा कम रहेको ।
   ग) अन्य तर भरपर्दा, तथ्यपरक कारणहरु ।
५. सरुवा गर्नको लागि सामान्य प्रशासन मन्त्रालयमा सरुवा सहमती माग माग गर्नुपर्ने भएमा उल्लेखित आधारहरु प्रष्ट खुलाई सहमती माग गर्नु पर्ने ।
६. निमयावलीको व्यवस्था वमोजिम सामान्य प्रशासन मन्त्रालयको सहमती प्राप्त भएमा मात्र सरुवा गर्ने ।
७. नियमित वा सामान्य प्रशासन मन्त्रालयको सरुवा सहमतीमा सरुवा गर्दा पनि अनिवार्य रुपमा खाली हुने स्थानमा सरुवा पाउने कर्मचारीलाई सरुवा भै जाने कर्मचारीसंग कम्तिमा २१ दिन संगै काम गराई सम्पूर्ण बर वुझारथ गरी सकेपछि मात्र रमाना गर्ने ।

०६६।१०।०६

(उ.स. योजना तथा अनुगमन विकास शाखा)